# प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि

**प्रस्तावना** : प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ७ को उपदफा (२) बमोजिम विशेष अनुदान प्रदान गर्न प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद– १
## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

(क) "ऐन" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(ङ) "विशेष अनुदान" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ७ बमोजिमको अनुदान सम्झनु पर्छ।

३. **विशेष अनुदान प्रदान गरिने क्षेत्र** : प्रदेश सरकारले देहायका कुनै खास क्षेत्र तथा विशेष योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ :-

(क) साक्षरता प्रतिशत राष्ट्रिय औषत भन्दा ज्यादै न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि संचालन गरिने विशेष शैक्षिक योजना तथा कार्यक्रम,

(ख) आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदाय तथा बाल तथा मातृ मृत्यूदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष योजना तथा कार्यक्रम,

(ग) खानेपानी सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायका लागि खानेपानी सुविधा उपलब्ध गराउने विशेष योजना तथा कार्यक्रम,

(घ) सम्बन्धित क्षेत्रमा उत्पादन भएको खाद्यान्नले सो क्षेत्रको माग धान्न अपुग भएमा त्यस्तो क्षेत्रमा खाद्यान्न उत्पादन अभिबृद्धि गर्न सञ्चालन गरिने विशेष खाद्यान्न उत्पादन अभिबृद्धि तथा वितरण सम्बन्धी योजना तथा कार्यक्रम,



सचिव

(ङ) कुनै पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने आधारभूत सेवा आपूर्ति सम्बन्धी योजना तथा कार्यक्रम,

(च) कुनै अल्पसंख्यक र पिछडिएको समुदायको उत्थान गरिने विशेष योजना तथा कार्यक्रम,

(छ) सन्तुलित विकासको अवधारणा अनुसार राष्ट्रिय औषत भन्दा अति पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि संचालन गरिने सामाजिक विकासका विशेष योजना तथा कार्यक्रम ।

४. <u>विशेष अनुदान प्रदान नहुने</u> : दफा ३ मा जुनसुकै कुरा लेखेको भएतापनि देहायका प्रकृतिका योजना तथा कार्यक्रमका लागि विशेष अनुदान उपलब्ध गराइने छैनः-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य पुरा हुने प्रकृतिका योजना तथा कार्यक्रम,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानीका योजना तथा कार्यक्रम,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रम,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका योजना तथा कार्यक्रम,

(ङ) घाटा बजेट पूर्ति गर्ने कार्यक्रम,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालको योजना तथा कार्यक्रम,

(छ) अन्य अनुदान तथा स्रोतबाट संचालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका योजना तथा कार्यक्रम,

(ज) कूल लागत रु. ३० लाख भन्दा कमका योजना तथा कार्यक्रमको लागि बिशेष अनुदान प्रदान गरिने छैन।

५. <u>आयोजना तथा कार्यक्रम छनौट</u> : (१) विशेष अनुदानबाट स्थानीय तहमा संचालन गर्ने आयोजना तथा कार्यक्रमको छनौट प्रदेश सरकार ऐनको दफा ७ को उपदफा (१) बमोजिम आवश्यकता र औचित्यको आधारमा शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्तिसँग सम्बन्धित विषयमा छनौट गर्नु पर्नेछ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रका जनताको आधारभूत आवश्यकताको परिपूर्ति सँग सम्बन्धित बिशेष खालका आयोजना तथा कार्यक्रम पहिचान एवं छनौट गरी प्रत्येक आर्थिक बर्षको पौष मसान्त मन्त्रालय समक्ष अनुसूची बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिम योजना तथा कार्यक्रम छनौट गर्दा सम्बन्धित स्थानीय तहको सभाले तत्काल कायम सदस्यको बहुमतले पारित गरि पेश गर्नु पर्नेछ।



सचिव

(४) उपदफा (२) बमोजिम योजना तथा कार्यक्रमहरु पहिचान एवं छनौट गरी पेश गर्दा देहायका बिषय अनिवार्य रुपमा खुलाउनु पर्नेछ :-

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) कार्यक्रमको सम्पन्न गर्न लाग्ने समय र लागत इस्टिमेट विवरण,

(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कूल लाभान्वित जनसंख्याको अनुपात,

(घ) कार्यक्रम सम्पन्न भए पछि प्राप्त हुने सम्भाव्य मापन योग्य प्रतिफलको विवरण,

(ङ) समय समयमा प्रदेश सरकारले तोकेका विवरण ।

(५) उपदफा (१) वमोजिम योजना तथा कार्यक्रम छनौट गर्दा स्थानीय तहको आफ्नै स्रोतबाट तथा समानीकरण, सशर्त र समपूरक अनुदानबाट संचालित योजना तथा कार्यक्रम तथा विगतमा सम्पन्न भएका योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ।

(६) योजना तथा कार्यक्रमको छनौट गर्दा त्यसको आवश्यकता, औचित्यता, सो बाट लाभान्वित सम्भाव्य जनसंख्या, सम्बन्धित क्षेत्रका जनताको आयस्तर बृद्धि गर्ने, आधारभूत आवश्यकता परिपूर्ति गर्ने, गरीबि न्यूनिकरण गर्न सहयोग पुग्ने, रोजगारी सिर्जनामा मद्दत पुग्ने र स्थानीय सीप, साधन र श्रोतको अधिकतम उपयोग हुने किसिमले छनौट गर्नु पर्नेछ।

(७) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि स्थानीय तहले विशेष अनुदानको लागि कुनै योजना तथा कार्यक्रम पेश नगरेको अवस्थामा प्रदेश सरकारले कुनै विशेष क्षेत्र वा समुदायको उत्थानको लागि विशेष कार्यक्रम संचालन गर्नु आवश्यक भएको क्षेत्रमा दफा ६ को उपदफा (१) बमोजिमको अवस्था रहेको स्थानीय तहको लागि विशेष अनुदान प्रदान गर्न बाधा परेको मानिने छैन।

(८) यस दफा बमोजिम छनौट भएका योजना तथा कार्यक्रमको जानकारी प्रदेश सरकारले सम्वन्धित स्थानीय तहमा दिनु पर्नेछ।

६. <u>विशेष अनुदान प्रदान गर्ने आधारहरु</u> : (१) दफा ५ बमोजिम प्रदेश सरकारबाट स्थानीय तहमा प्रदान गरिने विशेष अनुदान देहायका आधारमा प्रदान गर्न सक्नेछ :-

(क) शिक्षा क्षेत्रमा सबैभन्दा कम साक्षरता प्रतिशत भएका क्षेत्र वा समुदायको उत्थानको लागि सञ्चालन गरिने शैक्षिक विकासका योजना तथा कार्यक्रम,

(ख) स्वास्थ्य क्षेत्रमा स्वास्थ्य केन्द्र नभएका, कुपोषणको अवस्था र बाल तथा मातृ मृत्युदर राष्ट्रिय औषत भन्दा बढी भएका क्षेत्रमा सञ्चालन गरिने स्वास्थ्य सम्बन्धी योजना तथा कार्यक्रम,

(ग) खानेपानी क्षेत्रमा खानेपानीको समस्या भोगिरहेका खानेपानीको धारा तथा मुहान सामुदायिक बस्तिबाट टाढा भएका बस्ति वा समुदायमा खानेपानी सेवा उपलव्ध गराउन सञ्चालन गरिने योजना तथा कार्यक्रम,

(घ) खाद्यान्न सम्बन्धमा सम्बन्धित क्षेत्रमा वर्ष भरिको खाद्यान्न उत्पादन बाट छ महिना भन्दा बढी खाद्यान्न अपुग हुने क्षेत्रमा उत्पादन अभिबृद्धि गर्ने मल विउ तथा कृषि उपकरण उपलव्ध गराउन संचालन गरिने विशेष खाद्यान्न उत्पादन अभिबृद्धि कार्यक्रम तथा खाद्यान्न वितरण योजना तथा कार्यक्रम,

(ङ) उपदफा (१) वमोजिम विशेष अनुदान प्रदान गर्दा जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्कको अवस्था, आर्थिक पछौटेपन लगायतका विषयहरुलाई समेत आधार लिनु पर्नेछ।

७. <u>आवधिक योजनामा समावेश गर्नु पर्ने</u> : स्थानीय तहले विशेष अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमलाई आवधिक योजनामा समावेश गर्नु पर्नेछ।

८. <u>अनुदान रकम खर्च गर्ने विधि र प्रकृया</u> : (१) स्थानीय तहले विशेष अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहायको प्रकृया अपनाउनु पर्नेछ :-

(क) विशेष अनुदान रकम जुन योजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोही योजना तथा कार्यक्रममा सो रकम खर्च गर्नु पर्नेछ,

(ख) स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नु पर्नेछ,

(ग) विशेष अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रचलित प्रदेश आर्थिक कार्यविधि ऐन तथा प्रचलित सार्वजनिक खरिद कानूनको व्यवस्थाको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ,

(घ) विशेष अनुदान बापत प्राप्त रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत खर्च गर्न पाईने छैन,

(ङ) विशेष अनुदान बापत प्राप्त रकम अन्य खर्च शीर्षकहरुमा रकमान्तर गरिने छैन,

(च) विशेष अनुदानको रकमबाट तलब, भत्ता, मर्मत संभार, मसलन्द लगायतका प्रशासनिक खर्च, परामर्श सेवा आदिमा खर्च गर्न पाईने छैन,

(छ) विशेष अनुदान बापत प्राप्त रकम आयोजना तथा कार्यक्रम सम्पन्न गर्नु पर्ने तोकिएको समयावधि भित्र खर्च गर्नु पर्नेछ,

(ज) विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको लागि अनुदान रकम हस्तान्तरण गर्दा आयोजनाको कार्य प्रगतिको आधारमा चौमासिक रुपमा गरिनेछ,

(झ) विशेष अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परिक्षण गराउनु पर्नेछ।



सचिव

(२) विशेष अनुदानबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरुबाट सो आयोजना लक्षित उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन हुन नसकेमा प्रदेश सरकारले त्यस्तो अनुदान बापत उपलव्ध गराएको रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने अन्य अनुदान रकमबाट कट्टा गर्न सक्ने छ।

(३) चालु आ.व.मा कुनै मनासिव कारणले अनुदान रकम खर्च हुन नसकेमा मन्त्रालयको स्वीकृत लिई सो रकम स्थानीय संचित कोषमा दाखिला गरी योजना तथा कार्यक्रमको अवधि भित्र अर्को आ.व.मा खर्च गर्न सकिनेछ।

९. <u>आयोजनाको समयावधि थप नहुने</u> : विशेष अनुदानबाट संचालनमा रहेका योजना तथा कार्यक्रमहरु तोकिएको समयावधि भित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ। तोकिएको समयावधि भित्र योजना तथा कार्यक्रमको कार्य सम्पन्न नभएमा बाँकी कार्यको लागि रकम निकासा दिइने छैन।

१०. <u>आयोजनाको संचालन र कार्यान्वयन</u> : (१) योजना तथा कार्यक्रम सञ्चालन गर्दा सोको पारदर्शिता, एवं प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा अपनाउनु पर्नेछ।

(२) योजना तथा कार्यक्रमको ठेक्का प्रकृया पारदर्शी र प्रतिस्पर्धात्मक रुपमा गर्नको लागि ई-विडिङ अपनाउन सक्नेछ र बिल भूक्तानी दिइँदा बैङ्किङ प्रणालीको प्रयोग गरी भुक्तानी दिनु पर्नेछ ।

(३) योजना तथा कार्यक्रम संचालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ।सो को लागि नागरिक समाज एवं लाभान्वित वर्ग र समूदायबाट समेत निगरानी गर्ने व्यवस्था गर्नु पर्नेछ।

(४) योजना तथा कार्यक्रम सञ्चालनको क्रममा कामको गुणस्तर मापन गर्ने संयन्त्र बलियो बनाउनु पर्नेछ र आयोजना सम्पन्न भएको छोटो अवधिमानै त्यसको गुणस्तरहीन भएको पाइएमा मन्त्रालयले सोको छानविन गरी आवश्यक कारबाही अघि बढाउने छ ।

(५) विशेष अनुदानमा सञ्चालन गरिने परियोजनामा कन्टिन्जेन्सी बापत कुल लागतको दुई प्रतिशत भन्दा बढी राख्न पाइने छैन।

११. <u>अनुगमन सम्बन्धी व्यवस्था</u> : (१) विशेष अनुदानबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको उपप्रमुखको अध्यक्षतामा रहने योजना कार्यक्रम अनुगमन समितिले नियमित रुपमा अनुगमन गरि प्रगती प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) समपूरक अनुदानबाट स्थानीय तहले संचालन गरेका योजना तथा कार्यक्रमको कार्य प्रभावकारी, उपलव्धिमूलक र पारदर्शी किसिमले तोकिएको समयसीमा भित्र सम्पन्न भए नभएको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन गर्ने देहायको अनुगमन समिति रहनेछः



सचिव

(क) योजना कार्यान्वयन हुने क्षेत्रबाट प्रदेश सभामा निर्वाचित सदस्य -अध्यक्ष

(ख) योजना कार्यान्वयन हुने निर्वाचन क्षेत्रको कुनै स्थानीय तहमा मतदाता नामावलीमा नाम भएको प्रदेश सभाको समानुपातिक तर्फको सदस्य -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख -सदस्य

(घ) योजनाको विषय क्षेत्रसँग सम्बन्धित अधिकृत स्तरको एक प्राविधिक -सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको अनुगमन समितिले अनुगमन गरी प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिमको अनुगमन कार्य गर्दा कुनै खर्च आवश्यक पर्ने भएमा त्यो खर्च परियोजनाको कन्टिन्जेन्सीबाट व्यहोरिनेछ।

१२. <u>प्रतिवेदन गर्नुपर्ने</u> : सवै स्थानीय तहले आफ्नो क्षेत्रमा विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरुको दफा ११ को उपदफा (१) बमोजिम अनुगमन प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१३. <u>विशेष अनुदान रोक्का हुन सक्ने</u> : (१) स्थानीय तहले सञ्चालित योजना तथा कार्यक्रमको दफा ११ उपदफा (१) बमोजिम अनुगमन वा दफा १२ उपदफा (१) बमोजिम प्रतिवेदन नगरेमा वा तोकिएको समय भित्र कार्य सम्पन्न नगरेमा एवं सम्पन्न भएको कार्यको गुणस्तर राम्रो नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधि भित्र आवश्यक विवरणहरु पेश गरेमा, मन्त्रालयले तोकेको समयमा कार्य सम्पन्न गरेमा र कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति स्थानीय तहले दिएमा र सो मन्त्रालयलाई उपयुक्त लागेमा उपदफा (१) बमोजिमको रोक्कालाई फुकुवा गर्न सक्नेछ ।

(३) दफा ११ को उपदफा (२) बमोजिम गठन भएको अनुगमन समितिले पेश गरेको प्रतिवेदनको आधारमा विशेष अनुदानबाट सञ्चालन हुने आयोजनाको उद्देश्य पूर्ति हुन नसकेको पाइएमा सो स्थानीय तहलाई आगामी वर्षमा प्रदेश सरकारले दिने अनुदान रोक्का गर्न सक्नेछ।

१४. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ ।

सचिव

अनुसूची

(कार्यविधिको नियम ५ को उपदफा (२) सँग सम्वन्धित)

**विशेष अनुदानको लागि कार्यक्रम पेश गर्ने निवेदन फारम**

अनुदान माग गर्ने स्थानीय तहको

नाम :

जिल्ला :

वडा नं. :

फोन, फ्याक्स र इमेल :

कार्यक्रम वा आयोजनाको नाम :

कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समय :

कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्या :

कार्यक्रम र आयोजनाको कूल लागत रु. :

स्थानीय तहको सभाको बहुमतले पारित गरेको मिति :

दफा ५(४) मा उल्लिखित विषयहरु :

संलग्न आवश्यक कागजातहरु :

१. ..............................

२. ..............................

३. ..............................

**दस्तखत :**

नामः

पद :

मिति :

❑ ❑ ❑



सचिव